# राष्ट्रिय मानव अधिकार आयोग

NATIONAL HUMAN RIGHTS COMMISSION, NEPAL

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## विशेषज्ञ सेवाको लागि आवेदन गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७५ पुस २७

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट तपसिलमा उल्लेख भए बमोजिमका शर्त बन्देजको अधिनमा **“मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन”** तयार गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । अत : उल्लेखित विषयमा मानव बेचविखन सम्बन्धी विषयमा प्रतिवेदन तयार गर्न इच्छूक र योग्य विशेषज्ञहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिनभित्र आयोगको tikaram.pokharel@nhrcnepal.org र yeshoda.banjade@nhrcnepal.orgमा वा आयोगको प्रशासन महाशाखामा उपस्थित भई सूचना प्रकाशित भएको पन्ध्र(१५) औं दिनको ४ बजेभित्र आवेदन गर्न हुन सूचित गरिन्छ ।

### शर्त बन्देजहरु

१. आवेदन गर्न इच्छुक व्यक्तिले आफ्नो Bio–data सहितको आवेदन माथि उल्लिखित इमेल ठेगानामा पठाउनु पर्नेछ ।

२. विशेषज्ञले प्रस्तुत गर्ने प्रतिवेदन मस्यौदामा निम्न विषयहरु समावेश भएको हुनुपर्नेछ :-

- सरकारी निकाय, नागरिक समाज, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुले नेपालमा मानव बेचविखन सम्बन्धी विषयमा गरेका अध्ययन प्रतिवेदनहरुको विश्लेषण ।
- मानव बेचविखनका पीडितहरुको समस्याको पहिचान ।
- मानव बेचविखन सम्बन्धी प्रचलित नेपाल कानूनहरु र अन्तर्राष्ट्रिय कानूनहरु ।
- नेपालमा मानव बेचविखनको अवस्था ।
- राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचविखनका सम्बन्धमा नेपाल सरकारलाई गरेका सिफारिशहरुको कार्यान्वयनको अवस्था ।

३. माथि उल्लेखित भए बमोजिम प्राप्त आवेदनहरु उपर छनौट गरी अन्तिम निर्णय गर्ने अधिकार आयोगमा निहित रहेको छ ।

४. दुईपक्ष बीचको सम्झौता अनुसार विशेषज्ञ सेवाको लागि पारिश्रमिक उपलब्ध गराइनेछ । यस्तो पारिश्रमिकमा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टि हुनेछ ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org

website www.nhrcnepal.org